राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

च.नं.: २३६/०६५/० ८०

मिति : २०८०।०१।०८

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रेस तथा सूचना समन्वय शाखा
**सिंहदरबार, काठमाडौं ।**

**विषय : स्वतः प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोको नियमावलीको नियम (३) बमोजिम सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था भए अनुसार यस समितिमा मिति २०७९ साल माघ, फागुन र चैत महिनामा देहायबमोजिमको कार्यसम्पादन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(शीतलप्रसाद महतो)
कार्यकारी व्यवस्थापक

# राससमा २०७९ साल माघ, फागुन र चैत महिनामा भएका प्रमुख कामको विवरण

## १. समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण

| क्र.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | राष्ट्रिय फोटो | अन्तर्राष्ट्रिय फोटो | अडियो | भिजुअल क्लिप |
|---|---|---|---|---|---|---|---|---|
| १ | माघ | २,७१३ | ९३८ | ४६२ | २,३५३ | ४७८५ | १०६ | ३२८ |
| २ | फागुन | २,५७५ | ८७७ | ४३२ | २२३६ | ४३८५ | ६६ | ३११ |
| ३ | चैत | २,७०६ | ९०८ | ४०९ | १७७६ | ४१८५ | ५५ | ३१४ |
| जम्मा | | ७,९९४ | २,७२३ | १,३०३ | ६,३६५ | १३,३३५ | २२७ | ९५३ |

## २. 'सेवा गुणस्तर र प्रभावकारिता अभिवृद्धि' विषयक अन्तर्क्रिया

- राससले आयोजना गरेको 'सेवा गुणस्तर र प्रभावकारिता अभिवृद्धि' विषयक अन्तर्क्रियामा सहभागी सेवाग्राही सञ्चारमाध्यमका सम्पादक एवं प्रतिनिधिले समाचार र तस्विर एकैपटक राखे सहज हुने सुझाव दिएका थिए । निर्वाचनपछि मत परिणाम नआएसम्म राससले २४ सैं घण्टा समाचार सेवा प्रदान गरेर उत्कृष्ट काम गरेको भन्दै सेवाग्राहीले त्यस्तो सेवालाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए ।

## ३. हाजिरी अझ व्यवस्थित

- समितिमा दुई थान E-Attandance Machine जडान गरी कर्मचारीहरूको हाजिरी अझ व्यवस्थित किसिमबाट राख्न थालिएको ।

## ४. राससको ६२ औं वार्षिकोत्सव भव्यरुपमा सम्पन्न

- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नागरिकलाई सही सूचना प्रवाह गर्न राष्ट्रिय समाचार समिति (रासस) को भूमिका महत्वपूर्ण रहेको बताउनुभएको थियो । उहाँले देश र विदेशका सञ्चारमाध्यमलाई स्वदेशी र विदेशी समाचार उपलब्ध गराउँदै आएको राससले देशका बढीभन्दा बढी सूचना सम्प्रेषण गरी नागरिकलाई सूचना प्रदान गर्नुपर्नेमा जोड दिनुभएको थियो । राससको ६२औं वार्षिकोत्सवको अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री दाहालले भन्नुभएको थियो, "कुनै पनि नागरिकलाई सूचना दिनु भनेको लोकतन्त्रप्रतिको आस्था र जनताको मौलिक हकको सम्मान गर्नु पनि हो । वर्तमान सरकार यही मान्यतामा अडिग छ ।"
- सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राष्ट्रिय समाचार समिति (रासस) ले खोजमूलक आलेख र समाचार सङ्कलनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको थियो । राससको ६२औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले सूचना प्रविधि र पाठकको रुचिमा आएको परिवर्तनलाई सम्बोधन गर्न खोजमूलक सामग्री उत्पादनमा जोड दिनुभएको थियो । स्थानीय समाचारदातालाई अझ बढी व्यवस्थितरुपमा

परिचालन गरिनुपर्ने मन्त्री शर्माले बताउनुभएको थियो । कार्यक्रममा सार्वजनिक गरिएको 'रासस हिजो र आज', 'रासस शैली पुस्तक' ले पत्रकारिता अध्ययन र अध्यापन गर्ने एवं यस सम्बद्ध सबैका लागि अभिलेख बन्ने विश्वास पनि उहाँले व्यक्त गर्नुभएको थियो ।

- राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राससको समाचार कक्षलाई आकर्षक एवं उदाहरणीय बनाउने बताउनुभएको थियो । राससको ६२औं वार्षिकोत्सवका अवसरमा केन्द्रीय कार्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले रासस मुलुककै एक आधिकारिक समाचार प्रदायक संस्था भएकाले यसको विकास र विस्तार गरी यसको सेवालाई प्रभावकारी र विश्वसनीय बनाउने बताउनुभएको थियो ।
- राष्ट्रिय समाचार समिति (रासस) का महाप्रबन्धक सिद्धराज राईले मौलिक अधिकारका रूपमा रहेको सूचनाको हकको सुनिश्चितताका लागि राससले महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभएको थियो । राससको ६२औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले छ दशकभन्दा लामो समयका विभिन्न आरोहअवरोहलाई चिर्दै संस्थाले 'सूचना र सञ्चार, जनताको अधिकार' भन्ने मूल मन्त्रलाई सधैं केन्द्रमा राखेर काम गर्दै आएको बताउनुभएको थियो । राज्यले दिने सेवा र सरकारको गतिविधिका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना पुऱ्याएर संस्थाले अलग पहिचान स्थापित गरेको उहाँको भनाइ थियो ।

५. **गण्डकी प्रदेश कार्यालयको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) को अन्तिम डिपिआर रिपोटमाथि छलफल**

- पोखरास्थित रासस गण्डकी प्रदेश कार्यालय भवन रहेका स्थानमा नयाँ रासस गण्डकी प्रदेश कार्यालय निर्माणका लागि श्री एमवि कन्सल्टेण्ट एन्ड बिल्डर्स प्रालिले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) को अन्तिम डिपिआर रिपोटमाथि छलफलका साथै सो प्रालिले पेश गरेको रासस गण्डकी प्रदेश कार्यालय भवन अण्डरग्राउण्ड र एकतला निर्माणका लागि रु. ४ करोड ५१ लाख ९३ हजार र १३५ लागत अनुमानसहितको प्रतिवेदन सम्बन्धमा पनि छलफल भएको थियो ।

६. समितिका विभिन्न तह तथा पदका रिक्त दरबन्दीमा आन्तिरिक तथा खुल्ला पदपूर्तिका लागि लोक सेवा आयोगमा प्रक्रिया अगाडि बढाउन पेश भएको ।

७. रासस कर्मचारी सेवा, शर्त विनियमावली, २०५६ लाई संशोधन (नवौं संशोधन, २०७९) गर्ने प्रयोजनका लागि गरिएको प्रस्ताव मन्त्रालयमा पेश भएको ।

८. राससका कार्यकारी अध्यक्ष श्री धर्मेन्द्र झाको नेतृत्वमा २०७९ चैत १६ देखि २२ गतेसम्म चितवन, बुटवल, दाङ, नेपालगञ्ज, सुर्खेत, धनगढी, कञ्चनपुरलगायतका स्थानमा रासससँग सेवाग्राही अभियान सञ्चालन भएको ।